"धनकुटा नगर : स्वच्छ सुन्दर समुन्नत शहर"

# छाडापशु नियन्त्रण सम्वन्धी कार्यविधि, २०६१

नगरपालिकाको क्षेत्रमा जथाभावि छाडा छोडिएका चौपायले सडक तथा सार्वजनिक स्थलमा फोहोर गर्ने एवं मानिस सवारी साधन आवत जावतमा अवरोध पु-याइ दुर्घटना समेत हुन सक्ने भएकोले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ को उपदफा १ अन्तर्गत व्यवस्था गरिएको छाडा पशु पक्राउ गरी लिलाम गर्ने प्रकृयालाई प्रभावकारी रुपले कार्यान्वयन गर्न छाडा पशु पक्राउ गरी जरिवाना तथा लिलाम प्रकृया अपनाउन कार्यविधि, २०६१

**१. छाडा पशु पक्राउ गर्ने प्रकृया :**

(क) नगरपालिका क्षेत्रभित्र छाडा छोडिएका पशुलाई कार्यालयबाट खटिइको टोलिले पक्राउ गरी कान्जी हाउससम्म ल्याईने छ । छाडा छोडिएका पशुलाई टोली बाहेकका अन्य कुनै व्यक्तिले समेत पक्राउ गरी नगरपालिकामा बुझाउन सक्नेछ ।

(ख) पशु पक्राउ गरे पश्चात तुरुन्तै सोही स्थानमा र अन्य सार्वजनिक स्थलमा सूचना गरिनेछ

(ग) पक्राउ गरिएको पशुलाई चिन्न सक्ने व्यवस्था मिलाइने छ ।

**२ छाडा पशुको वर्गिकरण**

- रांगा, भैसी
- गाई, गोरु
- बाख्रा, खसी, वोका
- सुंगुर

**३. जरिवाना :**

पक्राउ गरिएका पशुलाई नियन्त्रणमा राखेको तीनदिन भित्रमा देहायको जरिवाना तिरेर पशुधनीले छुटाई लैजान पाउनेछ ।

(क) राँगा, भैसीलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रतिगोटा रु. २००।- दोश्रो दिन ३००।- तेश्रो दिन ५००।

(ख) गाई, गोरु नियन्त्रणमा राखेको पहिलो दिन प्रतिगोटा रु. १५०।- दोश्रो दिन २००।- तेश्रोदिन ३००।

(ग) बाख्रा,बोका, खसीलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रतिगोटा रु. १००।- दोश्रो दिन १३०।- तेश्रो दिन १५०।

(ग) सुंगुरलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रतिगोटा रु. १५०।- दोश्रो दिन २००।- तेश्रोदिन ३००।

**(४) लिलाम गर्ने प्रकृया :**

पक्राउ गरिएका पशु तीनदिन भित्रमा छुटाई नलगेमा देहायको प्रकया अपनाई लिलाम बढावढ गर्ने निर्णय गरियो ।

(क) लिलाम गर्ने पशुको विवरण एवं न्युनमत मुल्य खुलाई तीन दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

(ख) लिलाम गर्ने पशुको मुल्य अधिकार कार्यकारी अधिकृतको संयोजकत्वमा जिल्ला पशु सेवा कार्यालय र जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि रहेको समितिले तोके बमोजिम हुनेछ ।

(ग) पशु लिलाम गर्दा प्राप्त हुने रकम नगरपालिकाको आन्तरिक कोषमा आम्दानी बाँधिनेछ ।

**(५) लिलाम नभएका पशुको सम्बन्धमा :**

लिलाम बढावढको प्रकृयाद्धारा लिलाम विक्री सकार हुन नसकेको पशुलाई स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम आवश्यक कार्यवाहीको लागि अनुरोध गर्ने ।

**(६) पुरस्कार**

(क) छाडा पशु पक्राउ गरी कान्जीहाउससम्म ल्याई दिने कुनै व्यक्ति वा संस्थालाई जरिवाना  रकमको पचास प्रतिशत बरारबरको रकम पुरस्कार दिईनेछ ।

# सूचना ! सूचना !! सूचना !!!

## यो जो संग सम्बन्धीत छ ।

प्रस्तुत सम्बन्धमा यस नगर क्षेत्र भित्र छाडा छोडिएका पशुहरु नियन्त्रण गर्ने सन्दर्भमा देहायको विवरण अनुसारको छाडा पशु नगरपालिकाले मिति .............................. मा नियन्त्रणमा लिएको हुँदा आजको मितिले तीन दिन भित्रमा नगरपालिका कार्यालयमा सम्पर्क राखी जरिवाना तिरी पशु छुटाई लैजान हुन जानकारी गराईन्छ । अन्यथा प्रकृया अनुसार लिलाम विक्री गरिनेछ ।

***निम्न :***

पशुको जात :

लिङ्ग :

रङ/हुलिया :

उमेर :

तौल :

संख्या :

समातेको स्थान :

पशुको स्वास्थ्य अवस्था :

समातेर ल्याउने व्यक्तिको नाम, ठेगाना :

........................

(टोली प्रमुख)

# पक्राउ गरिएका छाडा पशुको जरिवाना सम्बन्धी व्यवस्था

**पक्राउ गरिएका पशुलाई नियन्त्रणमा राखेको तीन दिन भित्रमा देहायको जरिवाना तिरेर पशुधनीले छुटाई लैजान पाउनेछ।**

(क) राँगा, भैसीलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रति गोटा रु. २००।- र दोश्रो दिन रु. ३००।- तेश्रो दिन रु. ५००।-

(ख) गाई, गोरुलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रति गोटा रु. १५०।- र दोश्रो दिन रु. २००।- तेश्रो दिन रु. ३००।-

(ग) बाख्रा, बोका, खसीलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रति गोटा रु. १००।- र दोश्रो दिन रु. १३०।- तेश्रो दिन रु. १५०।-

(घ) सुंगुरलाई प्रति गोटा नियन्त्रणमा राखेको पहिलो दिन रु. १५०।-, दोश्रो दिन रु. २००।-, तेश्रो दिन रु. ३००।-

# धनकुटा नगरपालिका कार्यालय
## धनकुटा
## छाडा पशु लिलाम वढावढ फाराम

धनकुटा नगरपालिका वडा नं. ७ हुलाक टोल स्थित कृष्ण मन्दिर छेउमा सार्वजनिक स्थलमा रहेको पिपलको रुख बुढो भई ढल्ने अवस्थामा रहेकोले सो पिपलको रुख लिलाम वढावढ प्रकृयाद्धारा विक्री गर्न न्युनतम मूल्य रु. ५०००।- राखी यस कार्यालयबाट मिति २०६३।२।८ गते प्रकाशित सूचना अनुसार आज मिति २०६३।२।१६ गते दिनका लिलाम वढावढ प्रकृया निम्नानुसार व्यक्तिहरु सहभागि भई तपसिल बमोजिम वोल कवोल भयो ।

| सि. नं. | कवोल गर्ने व्यक्तिको नाम, थर | ठेगाना | अंक रु मा | धरौटी ५% नगद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |